गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा देउखुरी, दाङ
लुम्बिनी प्रदेश , नेपाल

082-४१०००४
०८२-४१००६४

# निकासी कर संकलन सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सुचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८२।०५।०४**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को घ (४) र घ (६), तथा दफा ६१ ले दिएको अधिकार प्रयोग गरि गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा दाङले पालिकाको आर्थिक ऐन २०८२ मा भएको दररेटमा तपशिलमा उल्लेखित आय शिर्षकहरूमा न्युनतम ठेक्का अंक नघट्ने गरि आ.व ०८२।८३ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो बोलपत्रको सुचना प्रकाशित गरिएको छ । इच्छुक बोलपत्रदाताले बोलपत्र कागजातको दस्तुर वापतको रकम कार्यालयको एन.आइ.सि एसिया बैंक लिमिटेड लमही शाखामा रहेको राजश्व खाता नं ०५१२०५००२८७३८००२ मा जम्मा गरि सक्कल भौचरको स्क्यान कपी, सम्बन्धीत ठेक्काको लागि तोकिए बमोजिमको धरौटी रकम नगदै कर्यालयको सोही बैंकमा रहेको धरौटी खाता नं ५१४१४९८८२४५२४००३ मा जम्मा गरि सक्कल भौचरको स्क्यान कपी वा मिति २०८४ साल श्रावण मसान्त सम्म म्याद कायम भएको सोही रकम बराबरको बैंक जमानत पत्रको स्क्यान कपी, फर्म दर्ताको प्रमाण पत्र (नविकरण भएको), मु.अ.क दर्ता प्रमाणपत्र र आ.व २०८०।८१ को कर चुक्ता प्रमाणपत्र संलग्न गरि सुचना प्रकाशित मितिले १६ औं दिन दिनको १२ बजे भित्र इ.विडिङ मार्फत बोलपत्र प्रस्ताव पेश गर्नको लागि अनुरोध छ । पेश भएका बोलपत्रहरू सोही दिन दिनको २ बजे खोलिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| ठेक्का नं | ठेक्काको विवरण | कार्यालयको न्युनतम अंक रू | बोलपत्र कागजात खरिद दस्तुर रू | बिडवण्ड धरौटी रकम रू | ठेक्का सक्रिय रहने अवधी । |
|---|---|---|---|---|---|
| GADHAWA /NIKASI /2082/083 | ढुंगा, गिट्टि, बालुवा, माटो, काठ, दाउरा, जरा जुरी, जिव जन्तु, जडिबुटि आदी प्राकृतिक वस्तुको निकासी शुल्क संकलन । | ७० लाख रूपैया मात्र । मु.अ.क बाहेक । | ३०००.०० | २००००० (दुइ लाख रूपैया मात्र) | २०८३ साल असार मसान्त सम्म मात्र । |
| GADHAWA /KAWADI /2082/083 | कवाडीजन्य बस्तुको निकासी कर संकलन । | ३ लाख रूपैया मात्र । मु.अ.क बाहेक । | ३,०००.०० | ८००० (आठ हजार रूपैया मात्र) | |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत